# अन्नपूर्ण गाउँपालिकका पोखरेबगर म्याग्दी
# ट्रेकिङ गाईड तालिम सम्पन्न प्रतिवेदन

आ.व. २०८०/०८१

**आयोजना गर्ने निकाय**

**अन्नपूर्ण गाउँपालिकाको कार्यालय पोखरेबगर म्याग्दी**

श्री उद्यम विकास शाखा
(१) वेबसाइट Upload गर्ने।
(२) सम्बन्धित फाइलमा संलग्न राख्ने।
२०८१/३/१३

# ट्रेकिङ गाईड तालिम

कार्यक्रम २०८१ संचालन गरी तयार पारिएको कार्यक्रम सम्पन्न भएको प्रतिवेदन

पृष्ठभुमी

अन्नपूर्ण गाउँपालिकाको आयोजना तथा आर्थिक सहयोग नेपाल माउन्टेन एकेडेमीको प्रविधिक सहयोमा गरिबी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम अन्तर्गत अन्नपुर्ण गाउँपालिका सबै वडा वस्तिमा रहेका गरिब परिवारका सदस्यहरूले पर्यटनमा आधारित लघु उद्यम स्थापना र विकास गरी त्यसबाट आफ्नो व्यवसायलाई निरन्तरता दिनको लागि तथा विस्तार गर्नको लागि उपयुक्त व्यवसायबाट व्यवसायिक ट्रेकिङ गाईड सम्बन्धी तालिम छनौट गरी तालिम सचालन गरिएको हो । यो तालीम पाए पछि उद्यमीहरूलाई व्यवसाय स्थापना र संचालन गर्न सहज हुनेछ ।

यस अन्नपूर्ण गाउँपालिकाले मिति २०८१/०२/२५ गते देखि २०८१/०३/०७ गते सम्म अन्नपुर्ण गाउँपालिका वडा न ४ नारच्याङ्ग युवा क्लवको भवानमा तथा नारच्याङ्गका विभिन्न ठाँउमा प्रयोगगात्मक कक्षा संचालन गरि ट्रेकिङ गाईड सम्वन्धी तालिम संचालन भएको थियो । उक्त कार्यक्रममा अन्नपुर्ण गाउँपालिका वडा नं २,४,५,६,र ७,का युवा वैदेशिक रोजगारीबाट फर्किएका युवा स्वदेशमा रोजगार गुमाएका युवा तथा वेरोजगार यूवा युवतीहरू सहभागीता उपस्थिति रहेको थियो । तालिम उत्घाटन समाहोरोमा अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष श्री भारत कुमार पुन प्रमुख अभिभावक तथा अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री अमृत सुवेदीले तालिम उत्घाटनको अध्यक्षता रहनु भएको थियो। विषेश अतिथि अन्नपूर्ण गाउँपालिकाका ४ नारच्याङ्गका युवा क्लवका अध्यक्ष श्री टक बहादुर पुन र नेपाल माउन्टेन एकेडेमीबाट आउनु भएको प्रशिक्षकहरू श्री अनुप अधिकारी र निरेन्द्र महर्जन र विभिन्न वडाबाट आएका सहभागीहरू रहेका थिए । ट्रेकिङ गाईड सम्बन्धी तालिमको शुभकामना मन्तब्य युवा क्लवका अध्यक्ष श्री टक बहादुर पुनले गर्नुभएको थियो । यस क्षेत्रमा धेरै पर्यटकीय ठाँउहरू भएकाले त्यसको पहिचान, गरी त्यसमा पर्यटकहरूको अगमन कसरी गर्न सकिन्छ र अन्नपूर्ण गाउँपालिकामा पर्ने अन्नपूर्ण वेसक्याम्प पनि यसै अन्नपुर्ण गाउँपालिका वडा नं ४ मा पर्ने भएकाले ट्रेकिङ गाईड सम्बन्धी तालिम आयोजना गरेकोमा अन्नपूर्ण गाउँपालिकालाई धेरै धेरै धन्यावद तथा ट्रेकिङ गाईड सम्बन्धी तालिममा सहभागीहरू सम्पूर्णलाई शुभकामना दिनुभएको थियो । कार्यक्रमको प्रमुख अभिभावक अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष श्री भारत कुमार पुनले यस अन्नपूर्ण गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रको बिस्तार गरी युवा स्वरोजगारको प्रमुख आधार पर्यटन भएकाले युवाहरूलाई तालिम प्रदान गरि दक्ष जनशक्ति उत्पादन गरि परिचालन गरिने बताउनु भएको थियो ।अन्नपूर्ण वेसक्याम्प तथा अन्नपूर्ण हिमाल चढ्ने व्यक्तिहरूले ट्रेकिङ गाईड गर्ने व्यक्ति अन्यत्रबाट आउने भएको यस ठाँउका युवाले तालिम लिएपछि आफ्नो ठाँउको गाइड भएमा पर्यटकलाई पनि सहज तथा यहाँका युवा पनि स्वरोजगार हुने बताउनु भएको थियो । अध्यक्षता गर्नुभएका प्रमुख प्रशासकीय अधिकृत श्री अमृत सुवेदी यस क्षेत्रमा भएका पर्यटकीय क्षेत्र जडिबुटी पहिचान गरी त्यसलाई व्यवसायिक रूपमा संचालन गर्न सबै उपस्थिति सहभागीहरूलाई आग्रह गर्नुभएको थियो साथै यस व्यवसाय संचालन गरेको अवस्थामा आगमी दिनमा पनि यसरी नै बजेट छुटुटाउन सकिने बताउनु भएको थियो ।

१ . तालिम आयोजना गर्ने कार्यालयको नाम : अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेवगर म्याग्दी ।
२. कार्यक्रम संचालन भएको स्थान : अन्नपूर्ण गाउँपालिकाको वडा नं ४ नारच्याङ्ग युवा क्लवको भवानमा ४.

३. कार्यक्रम सम्पन्न भएको मिति : २०८१/०२/०७ गते सम्पन्न भयो ।

४ कार्यक्रमको संचालन मिति :– २०८१।०२।२५ गते देखी २०८१।०३।०७ गते सम्म (१५ दिन सम्म)
५. कार्यक्रम संचालनगर्नुको उद्धेश्य : –

- उद्यमीहरूले व्यवसाय स्थापना र संचालन र गर्नसहज हुनेछ ।
- उद्यमीलाई समुदायको माग अनुसारको सेवा पुर्‍याउने सिप विकास गर्ने ।

Ashut

- उद्यमीहरूको सामाजिक आर्थिक हैसियत उकास्ने काम गर्ने ।
- उद्यमीहरूलाई स्वरोजगार वनाउने कार्य गर्ने ।
- जडिबुटी ब्यावसायको स्थानिय राष्ट्रिय र अन्तराष्ट्रिय बजार मागको बारेमा ज्ञान गराईयो

**९. स्रोत ब्यक्ति तथा प्रशिक्षक :**

प्रशिक्षक : श्री अनुप अधिकारी, निरेन्द्र महर्जन ।

उद्यम विकास सहजकर्ता : विष्णु गौतम

**१०. सहभागिको विवरणः**

महिला : २ जना

पुरूष : २४ जना

जम्मा : २६ जना

**११. तालिम संचालन विधिहरू**

- सहभागीतात्मक छलफल विधि ।
- प्रयोगात्मक विधि ।
- स्थलगत अवलोकन विधि ।
- भुमिका निर्वाह विधि ।
- श्रब्यदृश्य सामाग्रीहरूको प्रस्तुतिकरण ।
- समुह छलफल विधि ।
- परिक्षा संचालन

**१२. गरिएका क्रियाकलापहरू :**

कार्यक्रम संचालन उद्यम विकास सहजकर्ता विष्णु गौतमबाट भएको थियो । सुरूमा कार्यक्रमको बारेमा जानकारी परिचयात्मक, कार्यक्रम उद्यमीहरूलाई तालिमको लागि आवश्यक सामाग्री सहयोग ,सहभागीलाई खाजा, ,खाना, आवस, स्टेशनरी र प्रशिक्षकलाई खाना, आवस, उपलब्ध गराईएको थियो । ट्रेकिङ गाईड तालिम संचालनको लागि प्रयोँगात्मक कक्षा संचालनको लागि डोरी क्यबिन कपडा झोला तथा अन्य प्रविधि सामाग्रीको ब्यवस्थापन माउन्टेन एकेडेमीवाट गरिएको थियो ।

दैनिक क्रियाकलापहरू

१ ) पहिलो दिन :

यस ट्रेकिङ गाईड सम्बन्धी तालिमा उत्घाटन कार्यक्रम उद्यम विकास सहजकर्ता विष्णु गौतमबाट भएको थियो । पहिलो दिन शुरूवात औपचारिक रूपमा कार्यक्रम संचालन भएको थियो।, कार्यक्रम उपस्थित सम्पूर्णको परिचयात्मक, कार्यक्रम अन्नपूर्ण गाउँपालिकाको प्रमुख अभिभावक अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष श्री भारत कुमार पुनले ब्यानरमा लेखिएको अक्षर पढेर तालिम उत्घाटन गर्नु भएको थियो । प्रशिक्षकहरू श्री अनुप अधिकारी, निरेन्द्र महर्जन सहित कार्यक्रमा उत्घाटनमा उपस्थित सम्पूर्णको परिचयात्मक कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रमको बारेमा जानकारी गराइएका

थियो । ट्रेकिङ गाईड सम्बन्धी तालिम कसरी राम्रो  गर्न सकिन्छ भन्ने विषयमा प्रमुख प्रशासकीय अधिकृत श्री अमृत सुवेदी केही उदाहरण दिदै आफ्नो बिचार राख्नु भएको थियो। प्रमुख प्रशासकीय अधिकृत श्री अमृत सुवेदीले आफ्नाे मन्तब्य सहित  तालिम सफताको शुभकामना सहित तालिम  उद्घाटन समापन भएको घोषण गर्नु भएको थियो । त्यस पछि कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्नको लागि सुरुमा तालिमका  निति, नियम  उद्यम विकास सहजकर्ता विष्णु गौतमबाट सहभागीतात्मक छलफलबाट बनाइएको थियो । तपसिलको समय तालिकाको तय सहभागितात्मक रूपमा देहाय बमोजिम गरिएको थियो

बिहनाको खाजा : बिहान ०७:३० देखि ७:५५ बजे सम्म ।

कक्षा सुरू :  बिहान ०८ बजे देखि ।

पहिलो सेसन : ८बजे देखि ९:३० सम्म।

दोश्रो सेसनः ९:३० देखि ११ सम्म ।

खाना : ११ बजे देखि १२ बजे सम्म ।

तेश्रो सेसन :१२ देखि १:३० बजे सम्म।

चौथो सेसन १:३० देखि ०३ बजे सम्म ।

पाचौं सेसन : ३ देखि ४:३० बजे सम्म ।

दिउसोको खाजा : ४:३० बजे देखि ०५ बजे सम्म ।

कक्षा समापन दिउसो : ०५ बजे ।

कक्षा : सैद्धान्तिक र प्रयोगात्मक दुवै हुनेछ ।

त्यस पछि प्रशिक्षक श्री अनुप अधिकारी र निरेन्द्र महर्जनले  कक्षा संचालन सुरू गर्नू भएको थियो । सहभागिहरूको आशा अपेक्षा संकलन गरिएको थियो ।

कक्षा तपसिलको विषयमा संचालन गरिएको थियो ।

- पर्यटनको परिचय ।
- पर्यटनको परिभाष ।
- परम्परागत पर्यटन ।
- पारिस्थितिक पर्यटन ।
- पर्यटनका मुख्य विशेषता ।
- पर्यटनको वैकल्पिक रूपहरू ।
- साहसिक पर्यटनका केहि उदाहरणहरू ।
- सांस्कृतिक पर्यटन केहि उदाहरणहरू ।
- सांस्कृतिक पर्यटनका विशेषता ।

- स्वेच्छिक पर्यटन ।
- कृषि पर्यटन ।
- पाक पर्यटन ।
- कल्याण पर्यटन वैकल्पिक पर्यटनको लाभ ।
- पर्यटनको चुनौति ।
- उल्लेखित विषयमा प्रशिक्षक तथा ,सहभागीहरूले आ-आफ्ना अनुभव साटा साट गरी दिउसो ५ : बजे कक्षा समापन गरिएको थियो ।

दोस्रो दिन

कक्षा ८ः बजे सुरू गरिएको थियो । पहिलो दिनको कक्षाको पुर्नताजाकी कक्षा संचालन सहभागितात्माक छलफलद्धारा आफुले सिकेका कुराहरू पालै पालो भन्न लगाइएको थियो । जसले गर्दा भुलेको कुराहरू एक अर्कालै भन्दा सम्भान सहज भएको थियो ।

- पर्यटन मिथक र वास्तविकता
- पर्यटनका प्रकार
- पर्यटन भनेको के हो ?
- पर्यटनक स्वरूप
- पर्यटक टाइपोलोजी
- यात्राका प्रेरकहरू
- पर्यटनको लागत र लाभ

खाना समय पछि

- नेपालको संस्कृति र समाज को भलक ।
- नेपालको अद्धितीय चलन र परम्परा ।
- नेपाली नृत्य र संगित ।
- नेपालका लोकप्रिय चाडपर्वहरू ।
- नेपालको कलार चाफ्ट।
- नेपालको हस्तकला ।
- नेपाली खाना ।
- परम्परागत पोशक।
- नेपालमा मानिने धर्म ।
- नेपाली मुल निवासीको प्राथमिक पेशा ।
- भाषा र साहित्य ।

माथि उल्लेखित विषयमा प्रशिक्षकले कक्षा संचालन गर्नुभएको थियो र दिउँसो : ५ बजे कक्षा समापन गरिएको थियो ।

तेसो दिन

विहना ८ : बजे देखि कक्षा सुरू गरिएको थियो । अघिल्लो दिनको कक्षाको पुर्नताजाकी कक्षा संचालन सहभागितात्माक छलफलद्धारा आफुले सिकेका कुराहरू पालै पालो भन्न लगाइएको थियो । जसले गर्दा भुलेको कुराहरू एक अर्काले भन्दा सम्झान सहज भएको थियो । निम्न विषयमा कक्षा संचालन भएको थियो ।

- माउन्नटेन सिकनेस के हो ?
- उचाइको आधारमा अक्सिजनको कमी ।
- अक्सिजनको ब्यवस्थापन गर्ने तरिका ।
- उच्च उचाइमा फोक्समा तरल पदार्थ जम्मा हुने अवस्था
- मुल्याङ्कन प्रणली
- दाहिने हातको मुल्याङ्कन
- शरिरको शारीरिक परिक्षण
- बायाँ हातको मुल्याङ्कन
- बिरामीको श्वासनली खाना खाएको छैन ।
- बिरामीको हेरचाह गर्ने तरिकका
- पर्यटकको इतिहास
- १७५८ मा टुर शब्दबाट पेश गरियो र चाँडै पर्यटक शब्दमा बन्यो।
- इतिहासकारहरूले रेकर्डहरू फेला पारेकाले मानिसहरू यात्रा गर्छन भन्ने प्रमाणित भएको छ ।
- पर्यटकको इतिहास प्राचिन समय
- पर्यटकको इतिहास साम्राज्य युग
- ग्रान्डटीको युग

प्रयोगगत्मक कक्षामा निम्न सिकाइ भयो ।

- Ropes and Knots
- Coiling Techniques

गरी दिउसो ५:३० मा कक्षा समापन गरिएको थियो ।

## चौथो दिन

अघिल्लो दिनको समिक्षसंगै विहान ८: बजेमा कक्षा सुरू गरिएको थियो ।

- हिमालमा लाग्ने रोगको बारेमा जानकारी हिमाली क्षेत्रमा जादा आफु र आफुसंग गएका पाहुनाहरूको राम्रो ख्याल गर्नु पर्दछ ।
- गर्मी रोग
- गर्मी रोग लाग्नुको कारण
- गर्मी रोग संकेत र लक्षण
- रोकथामको उपाय
- उपचार

- हाइपोथर्मिया के हो ?
- लाग्नुको कारण
- संकेत र लक्षण
- हाइपोथर्मियाको चरण
- उपचार विधि
- फ्रस्टवाइट अत्याधिक चिसोको कारणले लाग्ने रोग ।
- उपचार विधि ।
- हिमाली क्षेत्रमा हुने अर्को रोग हिँउ अन्धोपन ।
- संकेत र लक्षण ।
- उपचार विधि ।

प्रयोगगत्मक कक्षामा निम्न सिकाइ भयो ।

- Alpine Butterfuly
- Mountain coil

माथि उल्लेखित विषयमा प्रशिक्षकले कक्षा संचालन गर्नुभएको थियो र दिउँसो : ५ बजे कक्षा समापन गरिएको थियो ।

पाचौँ दिन

अघिल्लो दिनको समिक्षा संगै बिहान ८ बजे कक्षा सुरू गरिएको थियो । अघिल्लो दिनको कक्षाको पुर्नताजाकी गरी कक्षामा सहभागितात्माक छलफल गरिएको थियो ।

- पर्यटकको इतिहास गतिशिलता युग १८०० देखि १९४४ सम्म ।
- पर्यटकको इतिहास आधुनीक युग ।
- पर्यटकको इतिहास पोष्ट आधुनीक युग ।
- हिमाली क्षेत्रमा हुने अन्य घाउको व्यवस्थापन ।
- संकेत र लक्षण ।
- उपचार ।
- हड्डीको चोट ।
- हड्डीको चोट लाग्दा गरिने प्रथामीक उपचार ।
- टाउकोको चोट ।
- टाउकाको चोटको उपचार।
- प्राथामकीक उपचार झोलो औपधी व्यवस्थापन।
- राष्ट्र कोल परियोजना ।

- नेपालको सिमानमा रहेका देश ।
- नेपालको ३६०० मिटर भन्दा
- माथिको उचाइमा मरूभुमिको अवस्था ।
- नेपालको भौतिक भुगोल
- प्रयोगगत्मक कक्षामा निम्न सिकाइ भयो ।
    - Knots and Hitches
    - Figure-8
    - Fig-8 on a Bight

    माथि उल्लेखित विषयमा प्रशिक्षकले कक्षा संचालन गर्नुभएको थियो र दिउँसो : ५ बजे कक्षा समापन गरिएको थियो ।
    - छैठौं दिन

अघिल्लो दिनको समिक्षा संगै बिहान ८ बजे कक्षा सुरू गरिएको थियो । अघिल्लो दिनको कक्षाको पुर्नताजाकी गरी कक्षामा सहभागितात्माक छलफल गरिएको थियो ।

- पर्वतरोहणको परिचय
- पर्वतरोहणको उपकरणको परिचय
- प्रकृतिक रक क्यलाइम्बिन र कृतिम वाल क्यालाइम्बिन
- प्रकृतिक र कृतिम पर्खाल चढ्ने तरिका
- पर्वतरोहण गर्ने कृतिम सामाग्रीको परिचय तथा सामाग्रीको ब्यारव्या विस्तृत जानकारी साममाग्री सहित । प्रयोगगत्मक कक्षामा निम्न सिकाइ भयो ।
- Fig8-Rrtrace
- Overhandd
- Doubfe Overhand
- Double Fisherman

माथि उल्लेखित विषयमा प्रशिक्षकले कक्षा संचालन गर्नुभएको थियो र दिउँसो : ५ बजे कक्षा समापन गरिएको थियो ।

सातौं दिन

अघिल्लो दिनको समिक्षसंगै बिहान ८ः बजेमा कक्षा सुरू गरिएको थियो ।

- पर्वतरोहणको प्रमुख उपकरण डोरीको बारेमा विस्तृत जानकारी

 ३४८

- carabiner को परिचय
- carabiner सहित त्यसको काम के हो भन्ने विषयमा विस्तृत जानकारी डोरी कसरी लक गर्ने भन्ने प्रयोगात्मक कक्षा संचालन गरिएको थियो ।
- पर्यटनका राष्ट्रिया संगठनहरू
- राष्ट्रिया संगठनहरू अध्ययन अवलोकन
- अन्तराष्ट्रिया संगठनहरू
- संस्कृतिक पर्यटन तथा नागरिक उड्डन मन्त्रालय
- सार्वजनिक क्षेत्र
- राष्ट्रिय निजि क्षेत्र
- ट्रेकिङ एजेन्ट
- नेपाल पर्वतरोहण संघ
- होटेल एसोसिएसन नेपाल
- राष्ट्रिय र अन्तराष्ट्रिय पर्यटन संगठनहरू

प्रयोगगत्मक कक्षामा निम्न सिकाइ भयो ।

- Thumb Knot
- Single Bowline
- Bunny Ear
- Sigle Bowine

दिउँसो : ५ बजे कक्षा समापन गरिएको थियो ।

आठौं दिन

अघिल्लो दिनको समिक्षसंगै बिहान ८ः बजेमा कक्षा सुरू गरिएको थियो ।

- नेपालमा विविध र नयाँ तरिकाको विश्लेषण
- नेपालमा सास्कृतिक विविधता र बहुलवाद
- पर्वतरोहणको लागि आवश्यक सामाग्रीहरू जुत्ताको बारेमा विस्तृत जानकारी
- जुमारको बारेमा विस्तृत जानकारी
- टेप स्लिङको बारेमा विस्तृत जानकारी
- हिमाली क्षेत्रमा ट्रेकिङ गर्दा शरिरलाई सुरक्षीत राख्ने उपकरण जस्तै टोपी, पञ्जा ,थर्मकोट ज्याकेट,रून ज्याकेट गोर टेक्स ज्याकेट
- पर्यटन विकास ,
- प्रमुख पर्यटन गतिविधिहरू, पर्यटन निति , पर्यटन संगठन
- पर्यटन विकास

- आदीको बारेमा सैद्धान्तिक र प्रयोगात्मक कक्षा संचालन भएको थियो ।
- Girth Hitch
- Ltalin Hitch
- Clove Hitch

उल्लिखित विषयमा कक्षा संचालन गर्दै ५ बजे कक्षा समापन गरिएको थियो ।

## नवौं दिन

अघिल्लो दिनको समिक्षसंगै बिहान ८ः बजेमा कक्षा सुरू गरिएको थियो ।

- हिमाली क्षेत्रमा ट्रेकिङ जादा झोला प्याकिन गर्ने तरिकाको विस्तृत जानकारी ।
- सैद्धान्तिक र प्रयोगात्मक दुवै ।
- ट्रेकिङको इतिहास
- ८००० भन्दा माथिका हिमालको राष्ट्रिय निकून्जा तथा संरक्षित क्षेत्रका बारेमा विस्तृत जनाकारी ।
- दुरीको आधारमा यात्राका प्रकार ।
- camping बनाउने तरिका ।
- हिमालमा म्याप बनाउने तरिका
- हिमालमा Rope fixing बनाउने तरिका
- प्रयोगगत्मक कक्षामा निम्न सिकाइ भयो ।
- Auto Block
- Compsite Management

सैद्धान्तिक र प्रयोगात्मक दुवै कक्षा संचालन गरि दिउसो ः ५ बजे कक्षा समापन गरिएको थियो ।

## दशौं दिन

अघिल्लो दिनको समिक्षसंगै बिहान ८ः बजेमा कक्षा सुरू गरिएको थियो ।

- ट्रेकिङ गाईडको भुमिका
- ट्रेकिङ जादा आवश्यक कागजात
- ट्रेकिङ एजेन्टको लागि कर छुटको कागजात
- ट्रेकरको भूमिका
- गाइडको मुख्या गुणहरू
- ट्रेकिङ गाइड गर्दा हुने फाइदा
- ल्ने वा नचुल्ने बारेमा ।

- ट्रेकिङ डेफी गर्ने तरिका
  प्रयोगगत्मक कक्षामा निम्न सिकाइ भयो ।
- How to Choose Campsite
- How to Setup Tents
- सैद्धान्तिक र प्रयोगात्मक दुवै कक्षा संचालन गरि दिउसो ः ५ बजे कक्षा समापन गरिएको थियो ।

एघारौं दिन

अघिल्लो दिनको समिक्षसंगै बिहान ८ः बजेमा कक्षा सुरु गरिएको थियो ।

- ट्रेकर गाईडले आफुसंग भएका गेस्टहरूलाइ खाना खाने ठाउँ बस्ने ठाउँको ब्यवस्थापन पहिले नै गर्नुपर्छ भन्ने विषयमा विस्तृत जानकारी
- स्थानीय चाडपर्वहरूमा स्थानिया रीतिरिवाजरपरम्पराको ख्याल गर्न ।ए
- यात्रामा जादा होटेलमा भन्दा होमस्टेको प्रयोग गर्ने
- पर्यटनका अवयवहरू
- पर्यटकहरूलाई आकर्षक गर्न ठाउँ
- पहुँच
- आवास
- सविधाहरू

- Rappelling Techniques
  - सैद्धान्तिक र प्रयोगात्मक दुवै कक्षा संचालन गरि दिउसो ः ५ बजे कक्षा समापन गरिएको थियो ।

बाहरौं दिन

अघिल्लो दिनको समिक्षसंगै बिहान ८ः बजेमा कक्षा सुरु गरिएको थियो ।

फिल्डमा कक्षा संचालन भएको थियो ।,

- Hiking
- Use ofTrekking poles
- Pace Setting Group Leading
- Briefing Demostration
- Group Leading

  सैद्धान्तिक र प्रयोगात्मक दुवै कक्षा संचालन गरि दिउसो ः ७ बजे घर फर्किएको थियो ।

तेह्रौं दिन

अघिल्लो दिनको समिक्षसंगै बिहान ८ः बजेमा कक्षा सुरू गरिएको थियो ।

- विश्वका प्रसिद्ध हिमालको बारेमा विस्तृत जानकारी
- समग्रमा पर्यटन क्षेत्रमा हिमाल पर्यटनको भूमिका
- नेपालको पर्यटन हिमालबाट सुरू भएको
- ट्रेकिङ गाईडका फाइदा
- ट्रेकिङ गाईडले गनूपर्न नेतृत्व
  समुहमा यात्रा गर्दा समुहलाई नियन्त्रर्ण गर्ने तरिका
  प्रयोगगत्मक कक्षामा निम्न सिकाइ भयो ।
  - Jhumering Techniques

सैद्धान्तिक र प्रयोगात्मक दुवै कक्षा संचालन गरि दिउसो ः ५ बजे कक्षा समापन गरिएको थियो ।

चौधौं दिन

अघिल्लो दिनको समिक्षसंगै बिहान ८ः बजेमा कक्षा सुरू गरिएको थियो ।

- पर्यटनका सामान्य अवधारणाहरू
- गाइडले ध्यान दिनु पर्ने कुराहरू जस्तै आफुले प्रयोग गर्ने साधान सबै कागजात जाचँ गर्न पर्यटनको मिथक र वास्ताविकता फरक ।
- पर्यटनको ऐतिहासिक विकास
- नेपालको ऐतिहासिक परिप्रक्षय र पर्यटन
- प्रायचीन नेपालको पर्यटनको समिक्षा
- यात्री ,आगगन्तुक पर्यटक
- विश्वको सर्वोच्च शिखर सगरमाथा को बारेमा जानकारी ।
- नेपालका चुचुराहरूको पर्वतरोहण गतिविधि ।

विषयगत कक्षा सकिएपछि सहभागीतात्मक छलफलद्धारा उद्यम विकास सहजकर्ता विष्णु गौतमबाट सहभागीहरूको सहमतिमा ८ जना रहने गरि समुह गठन गरिएको थियो जसमा निम्न पदाधिकारी छन ।

समुहको नाम ः अन्नपूर्ण गाउँपालिका ट्रेकिङ गाईड लघु उधमी समुह ।

मुहको नाम : अन्नपूर्ण गाउँपालिका ट्रेकिङ गाईड लघु उद्यमी समुह ।

| क्र.स | नामथर | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | श्री लाल बहादुर मिजार | अध्यक्ष | वडा नं. ५ | |
| २ | श्री सरस्वती तिलिजा पुन | उपाध्यक्ष | वडा नं. ५ | |
| ३ | कृष्ण पुन | सचिव | वडा नं. २ | |
| ४ | सुदेन खड्का | कोषध्यक्ष | वडा नं. ६ | |
| ५ | टिका बहादुर बरुवाल | सदस्या | वडा नं. ६ | |
| ६ | जय सेरपुर्जा | सदस्या | वडा नं. २ | |
| ७ | सरोज पुन | सदस्या | वडा नं. ७ | |
| ८ | इश्वर थजाली | सदस्या | वडा नं. ४ | |
| ९ | याम बहादुर गर्बुजा | सदस्य | वडा नं. ८ | |

दिउसो : ५ बजे कक्षा समापन गरिएको थियो ।

पन्ध्रौ दिन

अघिल्लो दिनको समिक्षसंगै बिहान ८ः बजेमा कक्षा सुरु गरिएको थियो ।

- बिहान ८:३० देखि १०:३० सम्म सैद्धान्तीक परिक्षा संचालन गरिएको थियो ।
- सहभागीहरुलाइ प्रयोगत्मक परिक्षा । (११:२० - १:००)
- अन्तवार्ता (१:२० - ४:३०)
- समापन सत्र (५ - ६)
  यसरी कार्यक्रम समापन शत्रमा अन्नपूर्ण गाउँपालिकाको ४ नारच्याङ्ग युवा क्लवको भवनमा भएको थियो । समापन शत्र कार्यक्रमको मुल्यांकन समापनको अध्यक्षता प्रमुख अभिभावक अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष श्री भारत कुमार पुनले गर्नु भएको थियो । तालिम समापनमा सहभागीबाट ३ जनाले आफ्नो मन्तब्य राख्नु भएको थियो । सहभागीहरुलाई अन्नपूर्ण गाउँपालिकाको वडा नं ४ नारच्याङ्गका कार्यभार अध्यक्ष श्री भिम बहादुर सेजुर्जालिले टिका र श्री भारत कुमार पुनले प्रमाणपत्र वितरण गर्नुभएको थियो । ट्रेकिङ गाईड तालिममा सहभागी भएका सम्पूर्ण सहभागीहरुलाई भोलिका दिनमा। ट्रेकिङ क्षेत्रमा देख्न पाउने आशा सहित शैक्षिक सफलताको शुभकामना प्रशिक्षक अनुप अधिकारीले दिनु भएको थियो । ट्रेकिङ गाईड तालिम आयोजना गरेकोमा अन्नपूर्ण गाउँपालिकालाई धेरै धेरै धन्यावद दिदै ट्रेकिङ क्षेत्रमा रुचि भएका युवाहरुले यस तालिम पाएपछि यस क्षेत्रमा काम गर्न सहज हुने छ । यस अन्नपूर्ण गाउँपालिकाको वाड नं ४ अन्नपूर्ण वेसक्याम्प र अन्नपूर्ण हिमाल चढ्ने ब्यक्तिहरुलाई यहाँका युवाले ट्रेकिङ गाईड गर्न पाउने बाटो खुलेको बताउनु भएको थियो । जसले गर्दा युवा स्वरोजगार सिर्जना पनि हुने अन्नपूर्ण गाउँपालिकाको वडा नं ४ नारच्याङ्गका कार्यभार

अध्यक्ष श्री भिम बहादुर सेजुर्जाले बताउनु भएको थियो । अध्यक्षता प्रमुख अभिभावक अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष श्री भारत कुमार पुनले अन्नपूर्ण गाउँपालिका पर्यटन क्षेत्रमा एक भरीपूर्ण गाउपालिका भएकाले यस तालिम आयोजना गरेको बताउनु भएको थियो । यस तालिम लिएका सबै सहभागीहरूले यसै क्षेत्रमा काम गर्नुहने छ भन्ने कुरामा आफु आशा वदी भएको बताउनु भएको थियो ।हरेका व्यक्तिले मिहिनेत परिश्रम र नियमित लगाब राखेमा सफलता हुन सक्ने उदाहरण आफुले ७०० वटा टुक्र कागज जोडेर एउटा हाँसको चित्र बनाएको बताउनु भएको थियो । कुनै दिन आफु प्रशिक्षर्थी भएर गएको तालिममा आफु नै प्रशिक्षक भएर तालिम चलाएको उदाहरणले तालिम भनेको सिक्ने र सिकाउने प्रक्रिया हो भन्ने कुरा प्रस्ट पार्नु भएको थियो । प्रतिवद्धता कार्य संचालनको शुभकामन दिनुभएको थियो । ट्रेकिङ गाईड तालिम प्रविधिक र व्यवहारीक भएकाले आफुले सिकेको ज्ञान सिपको सहि सदुप्रयोग गरि यस क्षेत्रमा लाग्ने यवालाई आगामी दिनमा हिमाल चढ्ने तालिमको पनि आयोजना गर्न सकिने बताउनु भएको थियो । सबै प्रशिक्षर्थीहरूलाई। ट्रेकिङ कार्य संचालनको शुभकामना *दिदैं समापनको अध्यक्षता* श्री भारत कुमार पुनले *कार्यक्रमलाइ समुदायमा स्थापित गर्नका लागि स्थानिय स्थारमा* सम्बन्धित हामी सबैको दायित्त्वा र कर्तब्य रहेको बताउनु भएको थियो । ट्रेकिङ गाइड संचालनको शुभकामन दिदै कार्यक्रम समापन भएको घोषण गर्नुभएको थियो ।

तालिम संचालन गर्दा लागेको वास्तविक खर्च विवरण

अनुरोध गर्दछु ।

| क्र.स | खर्च शिर्षक | जम्मा रकम | करकट्टी रकम रू | खुद खर्च रकम रू | पाउने व्यक्ति,संस्था | खाता न. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सहभागीहरू प्रशिक्षक ,खाजा, खाना,आवस खर्च | १३४२२० | २०१३.३० | १३२२०६.७० | स्पा होमस्टे | १५४०१५२४४२०००१२ प्रभु | बैक खाता |
| २ | सहभागीहरू खाजा, खान,आवस खर्च | ९९३६० | १४९०.४० | ९७८६९.६० | होटेल हिमालयन भ्यू | २२२२०८०००९५४७७७९प्रभु | बैक खाता |
| ३ | सहभागीहरू खाजा, खान,आवस खर्च | १३४४२० | २०१६.३० | १३२४०३.७० | बेलेस ब्रेक गेष्ट हाउस | १५४०१५३१२९४०००१४ प्रभु | बैक खाता |
| ४ | प्रशिक्षक भत्ता यातायत खर्च | १०४८००। | १३५००। | ९१३००। | निरेन्द्र महर्जन | ०९८१००१७५०९५७९नबिल | बैक खाता |
| ५ | प्रशिक्षक भत्ता यातायत खर्च | १०४८०० | १३५०० | ९१३०० | अनुप अधिकारी | ०१६०५०२००३७६३३ नेपाल इनवेस | बैक खाता |
| ६ | सामाग्री यातायात खर्च | १२८०० | | १२८०० | अनुप अधिकारी | | बैक खाता |
| | स्टशनरी | ५५००। | ८२.५ | ५४१७।९५ | गौतम फोटोकपी एण्ड स्टेशनरी सप्लायर्स | ०६३००१०११६४७५००००० ०१ नेपाल बैक | बैक खाता |
| ८ | सहभागीहरू यातायत | २४०००। | | २४०००। | विष्णु गौतम | | बैक खाता |
| | सहभागीहरू प्रशिक्षक ,खाजा, खाना,आवस खर्च | २४००० | | २४०००। | विष्णु गौतम | | बेलेस ब्रेक गेष्ट हाउसमा तिरेको |
| ९ | ब्यानर प्रमाणपत्र | १८७० | २८.५ | १८४१.९५ | डि.जि.पिन्टिङ सोलुसन | डि.जि.पिन्टिङ सोलुसनको खातामा | बैक खाता |
| १० | तालिम संयोजक भत्ता | ४२००। | ६३०। | ३५७०। | विष्णु गौतम | | बैक खाता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | यातायत | ४००। | | ४०००। | विष्णु गौतम | | कार्यक्रम संचालन गर्ने क्रममा |
| ११ | तालिम व्यवस्थापक | ४२०० | ६३० | ३५७० | टक बहादुर पुन | १५४०११७८६५४०००११ | बैंक खाता |
| १२ | परिक्षा शुल्क | १५००/२६ | | ३९००० | नेपाल माउण्टेन एकेडेमी | ००५०१०१००००४४१ ग्लोबल | २६ जनाको |
| १३ | परिक्षा स्टेशनरी | ६७५ | १०। | ६६५ | समृद्धि किरान पसल | समृद्धि किरान पसल | बैंक खाता |
| १४ | प्रशिक्षक १ दिन खाना,आवस खर्च | ११०० | १६।५ | १०८३.९५ | पञ्चद्वार होटेल | पञ्चद्वार होटेल बैंक खाता | परीक्षा प्रश्नपत्र छपाई |
| | जम्मा | ६९९९४५ | ३१९०१.६५ | ६६७०४३.३० | | | |

**१३.निष्कर्षः**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत अन्नपूर्ण गाउँपालिकाको आयोजनामो अन्नपूर्ण गाउँपालिका वडा नं. ४ नारच्याङ्मा संचालन भएको १५ दिने ट्रेकिङ गाईड तालिम राम्रो रह्यो र सफलतापूर्वक सम्पन्न भएको छ । तालिममा सहभागीहरू विभिन्न वस्तिका गरिब परिवारका सदस्यहरू जस्ले ट्रेकिङ गाईड सम्बन्धि क्षेत्रमा काम गर्ने इच्छा भएकाले सिप विकास तालिममा सहभागी गराइएको थियो । यो तालिम पाए पछि लघु उद्यमीहरूले व्यवसाय स्थापना ट्रेकिङ गाईड कार्य संचालन गरी आयआर्जनमा वृद्धि गर्नेछन् । जसले गर्दा जिविको पार्जनमा सहयोग पुग्नको साथै उद्यमीहरूको अर्थिक, सामाजिक, संस्कृति हैसियत वृद्धि हुने देखिन्छ । तालिमको अन्तमा उनिहरूले यस तालिममा सिकेका कुराहरूलाई व्यवहारमा उतारी सोही अनुसारको कार्यान्वयन गर्ने योजना तथा लक्ष्य लिएका छन । ट्रेकिङ गाईड तालिम लिएपछि लाइसेल लिनको लागि परिक्षा संचालन गरिएको थियो । सहभागीहरू परिक्षाको प्रतिफलको प्रतिक्षमा छन । आशा छ पतिफल राम्रो आउनेछ।

प्रतिवेदक
विष्णु गौतम
उद्यम विकास सहजकर्ता